आज मिति २०८० साल असोज महिनाको १७ गतेका दिन यस जयपृथ्वी नगरपालिकाका नगर उप-प्रमुख श्री रतन बहादुर सिंह ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको आकास्मिक बैठक बसी देहाय बमोजिमको निर्णय पारित गरियो ।

## उस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रतन बहादुर सिंह | उप-प्रमुख | |
| २ | डम्बर बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १ | |
| ३ | कलक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. २ | |
| ४ | गंग बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ५ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं. ४ | |
| ६ | प्रेम बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ७ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं. ६ | |
| ८ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं. ७ | |
| ९ | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं. ८ | |
| १० | गोपाल बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ | |
| ११ | ~~पुष्प बहादुर सिंह~~ सुशीलराम जोशी | का.वा. वडा अध्यक्ष वडा नं. १० | |
| १२ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं. ११ | |
| १३ | उत्तरा कुइकेल खड्का | महिला सदस्य | |
| १४ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १५ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १६ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १७ | कमला कुमारी कामी | महिला सदस्य | |
| १८ | धर्मराज रसाईली | कार्यपालिका सदस्य | |
| १९ | लाल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | लोकेन्द्र वि.क. | कार्यपालिका सदस्य | |
| २१ | अम्मरराज जोशी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २२ | लाल बहादुर खाती | अ.ले.प. अधिकृत | |
| २३ | गोविन्द ब. विष्ट | लेखा अधिकृत | |

२४, निरज प्रसाद रेग्मी शिक्षा अधिकृत

२५, विजय कुमार रजक योजना अधिकृत

२६. सुमन खाँगटे सुचना प्रविधि अधिकृत

२७. देविन्द्र प्रसाद जोशी प्र.स. (सिस्टम)

२८. तेज बहादुर सिंह – क.अ.
२९. सुनिल ब. खाती – सहयोगी

मिति २०८०।०६।१७ गतेको कार्यपालिकाको बैठकको निर्णय

प्रस्ताब

१. विपद तथा प्रकोप व्यवस्थापन सम्बन्धमा ।
२. विद्यालयहरुमा सार्वजनिक विदा सम्वन्धमा ।
३. घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।
४. राहत उद्दार सम्वन्धी अनुरोध सम्बन्धमा ।
५. शोक प्रस्ताव पारित सम्बन्धमा ।

निर्णय नं. १.

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०८०।०६।१६ गते दिउसो २:४१ वजे र ३:०६ वजे आएको महाविनासकारी भुकम्पले भएको क्षतिको विवरण संकलन गर्न प्रत्येक वडाहरुले प्राविधिक तथा उपलब्ध जनशक्ति खटाई ३ दिन भित्र नगरपालिकाको कार्यालयमा विवरण पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

मिति २०८०।०६।१६ गते दिउसो २:४१ वजे र ३:०६ वजे आएको महाविनासकारी भुकम्पले यस नगरपालिका अन्तर्गत सामुदायिक विद्यालय तथा संस्थागत विद्यालयहरुमा भौतिक क्षति भएको र आजका मिति सम्म पनि भुकम्पको पराकम्पन आइरहेको हुँदा मिति २०८०।०६।१७,१८ र १९ गते सम्म सवै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा विदा दिइ बन्द गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्राप्तको लागि "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि बमोजिम आवश्यक प्रक्रिया पुरा गरी प्राविधिक मुल्यांकन समेत पेश भएको हुँदा तपसिल बमोजिमका निर्माण व्यसायीहरुलाइ "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | मष्टा जसु कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ज.न.पा. ७ सुवेडा | |
| २ | आर.के.पी. कन्स्ट्रक्सन | ज.न.पा. १० चैनपुर | |

CamScanner

निर्णय नं. ४

मिति २०८०।०६।१६ गते दिउसो २:४१ वजे र ३:०६ वजे आएको महाविनासकारी भुकम्पले यस नगरपालिका अन्तर्गत भएको धनजनको क्षतिको उद्दार तथा राहतको लागि विभिन्न संघ-संस्थाहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

मिति २०८०।०६।१६ गते आएको महाविनासकारी भुकम्पले यस जयपृथ्वी नगरपालिका वडा नं. ११ ओखल निवासी तथा महिला स्वास्थ्य स्वंसेविका श्री गुनमति धामीको पहिरोमा परी असमाहिक निधन भएको हुँदा निजको चिर शान्तीको कामना सहित शोक प्रस्ताव पारित गरियो ।

Sangam

CS CamScanner